# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

**पालिकास्तरीय सहकारी बजार निर्माणमा लागत साझेदारी गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना**

प्रथम पटक प्रकाशन मितिः २०७७/०८/२६

उपरोक्त सम्वन्धमा नेपाल सरकार, भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय(MoLCPA) तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) द्धारा सन् २०१८ फेब्रुअरी बाट सुरु गरिएको सहकारी बजार विकास कार्यक्रम (CMDP) र रत्ननगर नगरपालिका, चितवनबीच पालिकास्तरीय सहकारी बजार निर्माणको लागि मिति २०७७/०७/२४ गते सम्झौता गरिसकिएको छ र उक्त सम्झौताका मुख्य शर्त तथा प्रावधानहरु देहायबमोजिम रहेका छनः

- कुल सम्झौता रकम रु. १६२८९२७९/- (अक्षेरुपी एक करोड बैसठ्ठी लाख उनान्नब्बे हजार दुई सय उनान्सत्तरी रुपैया मात्र) रहेको जसमध्ये CMDP ले कुल सम्झौता रकमको ५० प्रतिशत र बाकि ५० प्रतिशत रत्ननगर नगरपालिका, चितवन र प्रारम्भिक सहकारी संस्थाहरुले व्यहोर्ने छन।
- लागत साझेदारीताका लागि प्रारम्भिक सहकारी संस्था छनौट गर्ने जिम्मेवारी रत्ननगर नगरपालिका, चितवनमा रहनेछ। यस रत्ननगर नगरपालिका अन्तर्गतको कुनै पनि प्रारम्भिक सहकारी संस्थाहरुलाई लागत साझेदारीको लागि छनौट गर्न सकिनेछ, तर CMDP कार्यक्रमका लागि छनौट गरिएका ४ वटा प्रारम्भिक सहकारी संस्थाहरुलाई प्राथमिकता दिनुपर्ने छ।
- रत्ननगर नगरपालिका, चितवनले CMDP कार्यक्रमसंगको लिखित सहमतिमा पालिकास्तरीय सहकारी बजार संचालन निर्देशिका अनुमोदन गरी सो निर्देशिका बमोजिम बजारीकरणका गतिविधिहरु संचालन गर्न रत्ननगर नगरपालिकाले सम्बन्धित प्रारम्भिक सहकारी संस्थाहरुबाट बजार संचालन उपसमिति निमार्ण गरि निमार्ण कार्य सम्पन्न भए पछि हस्तान्तरण गर्नेछ।

२०७७।८।२६
भीम बहादुर कुँवर
प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


माथी उल्लेखित प्रावधान बमोजिम सहकारी बजार निर्माणका लागि यस रत्ननगर नगरपालिका भित्र रहेका प्रारम्भिक सहकारी संस्थाहरुको लागत साझेदारीमा साथै तत्पश्चात सहकारी बजार सञ्चालनमा ज्यादै महत्वपुर्ण भुमिका रहने देखिन्छ। जसबाट सहकारी संस्था तथा यसका सदस्यलाई आफ्नो उत्पादन आफ्नै स्वामित्व रहेको सहकारी बजारमा बिक्रि गर्न पाउने हुँदा कृषिजन्य उत्पादनको लागि बजारको सुनिश्चितता त छ नै साथै उक्त बजारबाट आउने मुनाफामा आफुले गरेको लगानी अनुसारको लाभमा साझेदारीको सुनिश्चितता पनि हुने नै छ।

नगरस्तरिय सहकारी संजालसँगको समन्वयमा गरिएको निर्णय बमोजिम रत्ननगर नगरपालिका भित्रका सबै सहकारी यस कार्यक्रममा सहभागी हुन सक्ने तथा प्रत्येक सहकारी संस्थाले यस परियोजनामा लगानी गर्दा कम्तिमा ५०००० र बढिमा ५००००० सम्म लगानी गर्न सक्ने छन। यस परियोजनामा लगानि गर्न ईच्छुक सहकारी संस्थाले यस सुचना प्रकाशित भएको मितिले १० दिन भित्र यस कार्यालयमा सञ्चालक समितिको निर्णय सहित निवेदन दिनुहुन साथै मिति २०७७/०९/०८ गते दिउसो १२ बजे नगरपालिका सभाहलमा उपस्थित हुनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

<u>थप जानकारीका लागि सम्पर्क फोन नम्वरः</u>

१. ९८४५५२२२४१ रितु गिरी, नगरस्तरिय सहकारी सञ्जाल- अध्यक्ष
२. ९८५५०६२९११ राजेन्द्र न्यौपाने, नगरस्तरिय सहकारी सञ्ज़ाल- सचिब

२०७७।९।२६

भीम बहादुर कुँवर
प्रमुख प्रशासकिय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np